# आर्थिक गतिविधि अध्ययन

(काठमाण्डौ, विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी क्षेत्रबाट प्राप्त तथ्याङ्क, सूचना एवम् स्थलगत अध्ययनमा आधारित)

## वार्षिक प्रतिवेदन

(आ.व. २०७०/७१)


**नेपाल राष्ट्र बैंक**

अनुसन्धान विभाग

आर्थिक विकास शाखा

बालुवाटार, काठमाण्डौ ।

*२०७१ कार्तिक*

# अध्ययन क्षेत्र तथा विधि

नेपाल राष्ट्र बैंक, अनुसन्धान विभागले आर्थिक वर्ष २०७०/७१ देखि कार्यान्वयनमा ल्याएको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन २०७०" अनुरुप अनुसन्धान विभाग, आर्थिक विकास शाखा तथा नेपाल राष्ट्र बैंकका काठमाण्डौ उपत्यका बाहिरका कार्यालयहरु (विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी) का कार्यक्षेत्र अन्तर्गतका निम्नानुसारका ४७ जिल्लाहरुको समग्र आर्थिक गतिविधि सम्बन्धी विभिन्न तथ्याङ्क एवम् सूचना र स्थलगत अध्ययनका आधारमा तयार पारिएका प्रतिवेदनहरु प्रशोधन गरी यो समष्टिगत वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

| क्षेत्र | अध्ययनमा समेटिएका जिल्लाहरू |
|---|---|
| काठमाण्डौ | काठमाण्डौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, धादिङ्ग, नुवाकोट, सिन्धुपाल्चोक, रसुवा र दोलखा |
| विराटनगर | इलाम, झापा, सुनसरी, मोरङ्ग, धनकुटा र सप्तरी |
| जनकपुर | सिराहा, धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली र उदयपुर |
| वीरगञ्ज | वारा, पर्सा, मकवानपुर, रौतहट र चितवन |
| पोखरा | कास्की, स्याङ्जा, गोर्खा, तनहुँ, लमजुङ, बाग्लुङ, पर्वत र म्याग्दी |
| सिद्धार्थनगर | रूपन्देही, नवलपरासी, कपिलवस्तु र पाल्पा |
| नेपालगञ्ज | बाँके, बर्दिया, दाङ र सुर्खेत |
| धनगढी | कैलाली, कञ्चनपुर, डडेल्धुरा, डोटी र बैतडी |

# विषय-सूची


| | पेज नं. |
|---|---|
| **सारांश** | **१-२** |
| **परिच्छेद १ कृषि क्षेत्र** | **३-७** |
| १.१ कृषि उपजले ढाकेको भू-क्षेत्र | ३ |
| १.२ कृषि उत्पादन | ३ |
| १.३ सिँचाई सुविधा | ५ |
| १.४ क्षेत्रगत कृषि कर्जा स्थिति | ६ |
| १.५ कृषि उत्पादनको परिदृश्य | ६ |
| **परिच्छेद २ औद्योगिक क्षेत्र** | **८-१०** |
| २.१ प्रमुख उद्योगहरुको क्षमता उपयोग तथा उत्पादन स्थिति | ८ |
| २.२ क्षेत्रगत औद्योगिक कर्जा स्थिति | ८ |
| २.३ औद्योगिक उत्पादनको परिदृश्य | ९ |
| **परिच्छेद ३ सेवा क्षेत्र** | **११-१३** |
| ३.१ पर्यटन उद्योग | ११ |
| ३.२ घर-जग्गा कारोबार | ११ |
| ३.३ वित्तीय सेवा | ११ |
| ३.४ यातायात तथा संचार | १२ |
| ३.५ शिक्षा तथा स्वास्थ्य | १३ |
| ३.६ सेवा क्षेत्रको परिदृश्य | १३ |
| **परिच्छेद ४ प्रमुख चुनौतीहरु** | **१४-१५** |
| ४.१ कृषि क्षेत्र | १४ |
| ४.२ उद्योग क्षेत्र | १४ |
| ४.३ सेवा क्षेत्र | १५ |
| ४.४ पूर्वाधार क्षेत्र | १५ |

# सारांश

१. आर्थिक वर्ष २०७०/७१ मा यस आर्थिक गतिविधि अध्ययनमा समेटिएका ४७ जिल्लाहरुको **कृषि क्षेत्रको समग्र अवस्था सन्तोषप्रद रहेको छ ।** समीक्षा वर्षमा कृषि उपजले ढाकेको भू-क्षेत्र, प्रमुख खाद्यान्न बालीहरु लगायत पशुजन्य एवम् वनजन्य उत्पादन, काठ तथा दाउराको उत्पादनमा वृद्धि भएको छ । समीक्षा वर्षमा प्रमुख खाद्यान्न बालीहरुमध्ये **धानको उत्पादनमा १०.९ प्रतिशतले, मकैको उत्पादनमा ६.८ प्रतिशतले र गहुँको उत्पादनमा १२.१ प्रतिशतले वृद्धि भएको छ ।** समीक्षा वर्षमा अध्ययन क्षेत्र अन्तर्गतका बैंक तथा वित्तीय संस्थाहरुद्वारा प्रवाहित **कृषि कर्जामा २७.८ प्रतिशतले वृद्धि भएको छ ।**

२. अध्ययनमा समेटिएका **उद्योगहरुले कुल उत्पादन क्षमताको औसतमा ५९.३ प्रतिशत मात्र उपयोग गरेका छन् ।** समीक्षा वर्षमा वनस्पती घिउ तथा तेल समूह, पेय पदार्थ समूह, अन्य खाद्य पदार्थ समूह, दुग्ध पदार्थ, तयारी कपडा, सिमेन्ट, फलामको छड तथा पत्ति तथा प्लाष्टिकजन्य वस्तु आदिको उत्पादन बढेको छ भने अन्न तथा पशुदाना समूह, पश्मिना, सुर्तिजन्य वस्तु, काठ तथा काठको सामान, कागज, धातुका उपकरण तथा रबरजन्य वस्तु आदिको उत्पादनमा ह्रास आएको छ । त्यसैगरी, समीक्षा वर्षमा अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुको समग्र **औद्योगिक कर्जा २८.८ प्रतिशतले वृद्धि भएको छ ।**

३. समीक्षा वर्षमा **घरजग्गा कारोबारमा केही सुधार देखिएको** छ । घर-जग्गा रजिष्ट्रेशन संख्यामा ६.५ प्रतिशतले वृद्धि भएको छ भने रजिष्ट्रेशन वापतको राजस्व संकलनमा १८.१ प्रतिशतले वृद्धि भएको छ ।

४. वित्तीय सेवा अन्तर्गत अध्ययनमा समेटिएका बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको **कुल निक्षेप २०.३ प्रतिशतले वृद्धि** भएको छ भने **कुल कर्जा प्रवाहमा १८.६ प्रतिशतले वृद्धि भएको** छ । गत वर्ष ७७.९ प्रतिशत रहेको **कर्जा/निक्षेप अनुपात समीक्षा वर्षमा ७६.८ प्रतिशत कायम रहेको** छ । बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको **कुल निक्षेपमा काठमाण्डौ क्षेत्रको अंश ६९.४ प्रतिशत रहेको छ भने कुल कर्जामा यस क्षेत्रको अंश ५८.० प्रतिशत रहेको** छ ।

५. समीक्षा वर्षमा **दर्ता भएका कुल सवारी साधन संख्यामा १२.५ प्रतिशतले वृद्धि भएको** छ । त्यसैगरी, संचार क्षेत्र अन्तर्गत नेपाल टेलिकम, एन-सेल तथा अन्य कम्पनीहरुबाट वितरण गरिएको मोवाईल (सिडिएमए समेत) **तथा ल्याण्ड-लाइन टेलिफोनको संख्यामा १५.१ प्रतिशतले वृद्धि भएको छ भने कुल वितरित ईन्टरनेट सेवामा २७.० प्रतिशतले वृद्धि भएको** छ ।

६. कृषि क्षेत्रमा सिंचाई, कृषि बजार तथा भण्डारण लगायतका **आधारभूत पूर्वाधारहरुको विकास, आधुनिक प्रविधिको प्रयोग, कृषि कर्जामा विस्तार एवम् रासायनिक मल तथा उन्नत बीउ-बिजनको उपलब्धतामा अभिवृद्धि गरी व्यावसायिक खेतीको माध्यमबाट कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व** वृद्धि गर्ने प्रमुख चुनौति रहेको छ । साथै, उद्योग क्षेत्रमा **ऊर्जा संकटको दीर्घकालीन समाधान एवम् लगानीमैत्री वातावरण सृजना गरी स्वदेशी तथा विदेशी लगानी आर्कर्षित** गर्ने प्रमुख चुनौति रहेको छ । त्यसैगरी, पर्यटकीय **पूर्वाधारको विकास, दुर्गम क्षेत्रमा गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवाको पहुँच विस्तार, वित्तीय पहुँच अभिवृद्धि, व्यापार विविधिकरण एवम् प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि** गर्ने जस्ता मुख्य चुनौतिहरु सेवा क्षेत्रमा रहेका छन् ।

७.	स्थलगत अध्ययन, सरोकारवालाहरुसँगको छलफल तथा अन्तर्क्रियाबाट प्राप्त तथ्याङ्क तथा जानकारीको आधारमा आंकलन गर्दा आर्थिक वर्ष २०७१/७२ मा **मुलुकको समग्र आर्थिक अवस्था सन्तोषप्रद नै रहने देखिन्छ**। यस वर्ष प्रमुख कृषि बाली धान लगाउने समयमा मनसुन ढिला शुरु भएकोले धानको उत्पादन घट्न सक्ने देखिन्छ। ढीला वर्षातका कारण जमीनमा चिसोपना पर्याप्त रहने भई हिउँदे बालीहरुको उत्पादन सन्तोषजनक रहने देखिएता पनि **समग्र कृषि उत्पादनको वृद्धिदरमा भने केही कमी आउन सक्ने** देखिन्छ। समयमै संविधान निर्माण कार्य सम्पन्न भई राजनैतिक संक्रमणकालीन अवस्थाले निकास पाउने एवम् औद्योगिक वातावरण थप सुदृढ हुने अनुमानको आधारमा **उद्योग क्षेत्रमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ**। साथै, पूँजीगत खर्च लक्ष्य अनुरुप हुन गई विकास निमार्णले गति लिएमा **पूर्वाधार तथा सेवा क्षेत्रमा थप प्रगति हुने देखिन्छ**। कुल गार्हस्थ उत्पादनमा करिब एक तिहाई अंश ओगट्ने कृषि क्षेत्रको उत्पादन वृद्धिदर अपेक्षित स्तरमा नरहने देखिएकोले आ. व. २०७१/७२ मा आर्थिक बृद्धिको लक्ष्य हासिल गर्न उद्योग तथा सेवा क्षेत्रको विकास र विस्तारमा थप जोड दिनु आवश्यक देखिन्छ।

# परिच्छेद १
# कृषि क्षेत्र

## १.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०७०/७१ मा प्रमुख कृषि बालीहरु (खाद्य तथा अन्य बाली, तरकारी तथ बागवानी एवम् फलफुल तथा मसला) ले ढाकेको कुल क्षेत्रफलमा २.८ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यस्तो क्षेत्रफलमा २.९ प्रतिशतले ह्रास भएको थियो ।

(क) **खाद्य तथा अन्य बाली :** समीक्षा वर्षमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा २.६ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यस्तो बालीले ढाकेको क्षेत्रफलमा ३.४ प्रतिशतले ह्रास आएको थियो । समीक्षा वर्षमा धान, मकै, गहुँ, आलु, उखु, भटमास र तेलहन बालीले ढाकेको क्षेत्रफलमा वृद्धि भएको छ भने कोदो, जौं, फापर, सनपाट, सुर्ती र दलहन बालीले ढाकेको क्षेत्रफलमा ह्रास आएको छ ।

चार्ट १ : प्रमुख खाद्यान्न बालीहरुले ढाकेको क्षेत्रफल (हजार हेक्टरमा)




(ख) **तरकारी तथा बागवानी :** समीक्षा वर्षमा तरकारी तथा बागवानी बालीले ढाकेको क्षेत्रफलमा ३.१ प्रतिशतले वृद्धि भएको छ । गत वर्षमा पनि उक्त बालीले ढाकेको क्षेत्रफलमा २.५ प्रतिशतले वृद्धि भएको थियो ।

(ग) **फलफूल तथा मसला :** समीक्षा वर्षमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफलमा ७.८ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यस किसिमका बालीले ढाकेको क्षेत्रफलमा ३.१ प्रतिशतले वृद्धि भएको थियो ।

(घ) **क्षेत्रगत स्थिति :** समीक्षा वर्षमा अध्ययन क्षेत्रका आधारमा कृषि उपजले ढाकेको भू-क्षेत्रमध्ये खाद्य तथा अन्य बाली एवम् तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफल सबै क्षेत्रमा वृद्धि भएको छ । त्यसैगरी, फलफूल तथा मसलाजन्य बालीले ढाकेको क्षेत्रफल नेपालगञ्ज क्षेत्र बाहेक अन्य सबै क्षेत्रमा वृद्धि भएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका १ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

## १.२ कृषि उत्पादन

समीक्षा वर्षमा प्रमुख कृषि बालीहरु (खाद्य तथा अन्य बाली, तरकारी तथ बागवानी एवम् फलफुल तथा मसला) को कुल उत्पादन ६.२ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यस्ता बालीहरुको उत्पादनमा १.९ प्रतिशतले ह्रास आएको थियो ।

**(क) खाद्य तथा अन्य बाली :** समीक्षा वर्षमा प्रमुख खाद्य बालीहरु मध्ये धानको उत्पादन १०.९ प्रतिशतले, मकैको उत्पादन ६.८ प्रतिशतले, गहुँको उत्पादन १२.१ प्रतिशतले र जौंको उत्पादन ६.४ प्रतिशतले वृद्धि भएको छ । यसैगरी, उखुको उत्पादन १०.९ प्रतिशतले, सुर्तिको उत्पादन ०.२ प्रतिशतले, भटमासको उत्पादन ८.७ प्रतिशतले, दलहनको उत्पादन २.६ प्रतिशतले तथा तेलहनको उत्पादन १.७ प्रतिशतले वृद्धि भएको छ भने कोदोको उत्पादन ०.३ प्रतिशतले, फापरको उत्पादन २.९ प्रतिशतले तथा सनपाटको उत्पादन ५.५ प्रतिशतले घटेको छ । अघिल्लो वर्ष उक्त बालीहरु मध्ये उखुको उत्पादन ३.१ प्रतिशतले, सुर्तिको उत्पादन १८.० प्रतिशतले र फापरको उत्पादन ३.२ प्रतिशतले वृद्धि भएको थियो भने धानको उत्पादन ९.८ प्रतिशतले, मकैको उत्पादन २.५ प्रतिशतले, गहुँको उत्पादन ६.६ प्रतिशतले, कोदोको उत्पादन २.१ प्रतिशतले एवम् जौंको उत्पादन ६.२ प्रतिशतले घटेको थियो । यसैगरी, अघिल्लो वर्षमा सनपाटको उत्पादनमा ५.७ प्रतिशतले, दलहनको उत्पादनमा ४.१ प्रतिशतले तथा तेलहनको उत्पादनमा ६.७ प्रतिशतले ह्रास आएको थियो । समीक्षा वर्षमा मौसम अनुकूल रहनुका साथै रासायनिक मल तथा बिउ-बिजनको आपूर्ति समेत केही सहज हुन गएको कारण प्रमुख खाद्य बालीहरुको उत्पादनमा वृद्धि भएको हो ।

भौगोलिक आधारमा तुलना गर्दा समीक्षा वर्षमा अध्ययनले समेटेका सम्पूर्ण क्षेत्रहरुमा प्रमुख खाद्य तथा अन्य बालीको उत्पादनमा वृद्धि भएको छ । यस्ता बालीको उत्पादन जनकपुर क्षेत्रमा सबैभन्दा बढी अर्थात् १४.१ प्रतिशतले वृद्धि भएको छ भने पोखरा क्षेत्रमा सबैभन्दा कम अर्थात् १.४ प्रतिशतले वृद्धि भएको छ । खासगरी, प्रमुख खाद्य बाली धान, मकै, गहुँ र उखुको उत्पादनमा आएको उल्लेख्य वृद्धिका कारण समीक्षा वर्षमा समग्र खाद्य तथा अन्य बालीको उत्पादनमा वृद्धि भएको हो ।



चार्ट २ : प्रमुख खाद्यान्न बालीहरुको उत्पादन स्थिति (हजार मे.टनमा)

**(ख) तरकारी तथा बागवानी :** समीक्षा वर्षमा तरकारी तथा बागवानी समूहको उत्पादनमा ३.० प्रतिशतले वृद्धि भएको छ । गत वर्षमा उक्त समूहको उत्पादन ४.२ प्रतिशतले वृद्धि भएको थियो । तरकारी तथा बागवानीको उच्च बजार माग, आकर्षक मूल्य तथा अन्य कृषि बालीको तुलनामा प्रतिफल उच्च हुने लगायतका कारण कृषकहरु यस खेतीतर्फ आकर्षित हुँदै गएकोले यस समूहको उत्पादनमा क्रमिक वृद्धि हुँदै आएको छ ।

क्षेत्रगत रुपमा तुलना गर्दा समीक्षा वर्षमा तरकारी तथा बागवानी समूहको समग्र उत्पादन काठमाण्डौ, विराटनगर, जनकपुर, पोखरा तथा नेपालगञ्ज क्षेत्रमा वृद्धि भएको छ भने वीरगञ्ज, सिद्धार्थनगर तथा धनगढी क्षेत्रमा ह्रास आएको छ ।

(ग) **फलफूल तथा मसला :** समीक्षा वर्षमा फलफूल तथा मसला बालीको समग्र उत्पादन ०.३ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यस्तो उत्पादनमा ४.५ प्रतिशतले वृद्धि भएको थियो । यस समूह अन्तर्गत सुन्तलाको उत्पादन २.६ प्रतिशतले, केराको उत्पादन १५.० प्रतिशतले, स्याउको उत्पादन १४.९ प्रतिशतले, मसलाको उत्पादन २.३ प्रतिशतले, चियाको उत्पादन १.८ प्रतिशतले, कफीको उत्पादन २.५ प्रतिशतले तथा अन्य फलफूलको उत्पादन २.३ प्रतिशतले वृद्धि भएको छ भने आँपको उत्पादनमा १०.८ प्रतिशतले ह्रास आएको छ । गत वर्ष आँप, स्याउ, मसला, चिया, कफी तथा अन्य फलफूलको उत्पादनमा वृद्धि भएको थियो भने सुन्तला तथा केराको उत्पादनमा ह्रास आएको थियो । आँपको उत्पादनमा चक्रीय प्रभाव हुने र समीक्षा वर्षमा कम फल लाग्ने समय परेकाले उत्पादनमा ह्रास आएको हो ।

क्षेत्रगत रुपमा तुलना गर्दा समीक्षा अवधिमा फलफूल तथा मसला बालीको समग्र उत्पादन काठमाण्डौ, विराटनगर, वीरगञ्ज तथा पोखरा क्षेत्रमा वृद्धि भएको छ भने जनकपुर, सिद्धार्थनगर, नेपालगञ्ज तथा धनगढी क्षेत्रमा ह्रास आएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका २ (समग्र तथा क्षेत्रगत) मा दिइएको छ ।

(घ) **प्रमुख पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन :** समीक्षा वर्षमा दूधको उत्पादनमा ३.३ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष दूधको उत्पादनमा ४.० प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा मासुको उत्पादन १.२ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष मासुको उत्पादनमा ७.३ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, समीक्षा वर्षमा अण्डाको उत्पादन १.० प्रतिशतले ह्रास आएको छ । गत वर्ष अण्डाको उत्पादनमा २.५ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा मासुजन्य उत्पादनतर्फ भैसी तथा राँगाको मासु उत्पादन १.५ प्रतिशतले, खसी बोका तथा भेडाको मासु उत्पादन ३.५ प्रतिशतले एवम् सुंगुर तथा बंगुरको मासु उत्पादन ३.८ प्रतिशतले वृद्धि भएको छ भने कुखुरा तथा हांसको मासु उत्पादनमा ३.९ प्रतिशतले ह्रास आएको छ । समीक्षा वर्षमा माछाको उत्पादन २५.५ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यसको उत्पादनमा ७.२ प्रतिशतले वृद्धि भएको थियो । तराईका विभिन्न जिल्लाहरुमा व्यवसायिक माछापालन गर्न आर्थिक अनुदान तथा अन्य प्राविधिक सहयोग प्रदान गरिएको, सर्वसाधारणमा माछा उपभोग गर्ने क्रम बढ्दै गएको एवम् कृषकहरुले आकर्षक बजार मूल्य पाउन थालेको लगायतका कारण यसतर्फ कृषकहरुको आकर्षण बढ्दै गएको हो । त्यसैगरी, समीक्षा वर्षमा अध्ययनले समेटेका क्षेत्रमा काठ तथा दाउराको उत्पादनमा क्रमशः ७.९ प्रतिशत र ४.८ प्रतिशतले वृद्धि भएको छ भने औषधीजन्य वस्तुको उत्पादनमा ७५.६ प्रतिशतले ह्रास आएको छ ।

क्षेत्रगत रुपमा तुलना गर्दा पोखरा र नेपालगञ्ज क्षेत्रमा बाहेक अन्य सबै क्षेत्रमा दूधको उत्पादनमा वृद्धि भएको छ भने काठमाण्डौ र नेपालगञ्ज क्षेत्रमा बाहेक अन्य सबै क्षेत्रमा मासुको उत्पादनमा वृद्धि भएको छ । यसैगरी, अण्डाको उत्पादनमा काठमाण्डौ र धनगढी क्षेत्रमा ह्रास आएको छ भने बाँकी सबै क्षेत्रहरुमा वृद्धि भएको छ । माछाको उत्पादनतर्फ पोखरा क्षेत्रमा बाहेक अन्य सबै क्षेत्रमा वृद्धि भएको छ । त्यसैगरी, वनजन्य उत्पादनतर्फ काठको उत्पादन काठमाण्डौ, विराटनगर, पोखरा तथा धनगढी क्षेत्रमा वृद्धि भएको छ भने जनकपुर, वीरगञ्ज, सिद्धार्थनगर र नेपालगञ्ज क्षेत्रमा ह्रास आएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ३ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

## १.३ सिँचाई सुविधा

समीक्षा वर्षमा अध्ययनमा समेटिएका ४७ जिल्लाहरुको कुल सिँचित क्षेत्रफल १.८ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष सिँचित क्षेत्रफलमा ३.७ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा कुल खेती गरिएको क्षेत्रफलमध्ये

४७.४ प्रतिशत क्षेत्रफल सिँचित रहेको पाईन्छ । कुल सिँचित क्षेत्रफलमध्ये ३९.६ प्रतिशत कुलो, ४७.० प्रतिशत नहर, १०.७ प्रतिशत बोरिङ्ग तथा २.८ प्रतिशत पोखरीबाट सिँचाई भएको देखिन्छ ।




समीक्षा वर्षमा अध्ययन क्षेत्रका सम्पूर्ण क्षेत्रहरुको सिँचित क्षेत्रफलमा वृद्धि भएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ४ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

## १.४ क्षेत्रगत कृषि कर्जा स्थिति

आर्थिक वर्ष २०७०/७१ मा अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कुल कृषि कर्जा २७.८ प्रतिशतले वृद्धि भई रु. ४७ अर्ब २९ करोड पुगेको छ । गत वर्ष यस्तो कर्जामा ४२.२ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा प्रवाहित कुल कर्जा मध्ये सबैभन्दा बढी कर्जा अन्य कृषि तथा कृषिजन्य सेवा शीर्षकमा ३२.६ प्रतिशत अर्थात् रु. १५ अर्ब ४२ करोड रहेको छ भने सबैभन्दा न्यून सिँचाईमा ०.१ प्रतिशत अर्थात् रु. ३ करोड रहेको छ । नेपाल राष्ट्र बैंकले विगतमा क वर्गका बैंक तथा वित्तीय संस्थाहरुले कुल कर्जाको कम्तिमा १२ प्रतिशत कृषि तथा उर्जा क्षेत्रमा प्रवाह गर्नुपर्ने गरी निर्देशन जारी गरेको तथा कृषि औजार, मल, बिउ-बिजन, पशुपंक्षी-दाना, सिँचाई तथा कृषि उत्पादन भण्डारण र तोकिएको कृषि उपज प्रशोधनलाई समेत कृषि क्षेत्रको परिभाषामा समेट्ने व्यवस्था गरेको एवम् व्यावसायिक रुपमा कृषि तथा पशुपालन व्यावसाय सञ्चालन गर्न कृषि कर्जाको मागमा समेत विस्तार हुँदै गएकोले यस्तो कर्जामा उल्लेख्य वृद्धि भएको हो ।

कृषि क्षेत्रमा प्रवाहित कुल कर्जालाई क्षेत्रगत रुपमा तुलना गर्दा काठमाण्डौ क्षेत्रको अंश ३०.३ प्रतिशत, वीरगञ्ज क्षेत्रको १८.२ प्रतिशत, विराटनगर क्षेत्रको १४.६ प्रतिशत, पोखरा क्षेत्रको १०.५, सिद्धार्थनगर क्षेत्रको ९.७ प्रतिशत, जनकपुर क्षेत्रको ८.४ प्रतिशत, नेपालगञ्ज क्षेत्रको ४.२ प्रतिशत तथा धनगढी क्षेत्रको अंश ४.१ प्रतिशत रहेको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ५ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

## १.५ कृषि उत्पादनको परिदृश्य (Outlook)

(क) कुल खेती गरिएको क्षेत्रफलको आधाभन्दा कम भू-भागमा मात्र सिँचाई सुविधा उपलब्ध रहेको वर्तमान अवस्था कृषिजन्य वस्तुको उत्पादन मूलत: मौसमी अवस्थाले निर्धारण गर्ने गरेको छ । चालु आर्थिक वर्ष २०७१/७२ मा मनसुन ढीला गरी शुरु भएकोले धान खेती गर्न ढीला भएको, मनसुनसँगै आएको बाढीले पश्चिम नेपालको तराई क्षेत्रको धान वालीमा क्षती पुऱ्याएको तथा भारतमा आएको सामुद्रिक आँधीको प्रभावका कारण धान काट्ने समयमा अधिक वर्षा हुन गई काटेको धान वालीमा समेत केही क्षती पुगेकोले चालु वर्ष प्रमुख खाद्यान्न वालीहरुमध्ये धानको उत्पादनमा केही ह्रास आउन सक्ने अनुमान

गरिएको छ । मल तथा उन्नत बिउ-बिजन र कृषि यन्त्रको सहज आपूर्ति तथा बढ्दो प्रयोगसँगै Maize Mission कार्यक्रम समेत सञ्चालनमा रहेकोले मकैको उत्पादनमा भने वृद्धि हुने अनुमान गरिएको छ । हिउँदमा मौसम अनुकूल रहने अनुमानका साथै तराईका जिल्लाहरुमा साना सिंचाई र डिप वोरिङ्गमा विस्तार गरिएको एवम् अभियानमुखी दलहन तथा मसुरो प्रवर्द्धन कार्यक्रम सञ्चालनमा रहेको कारण यस वर्ष हिँउदे अन्न बाली गहुँ र दलहनको उत्पादनमा वृद्धि हुने अनुमान गरिएको छ ।

अन्य खेतीको तुलनामा बढी प्रतिफल प्राप्त हुनुका साथै बढ्दो बजारको माग र सरकारीस्तरबाट सञ्चालित अभियानमुखी कार्यक्रमका कारण कृषकहरु व्यावसायिक तरकारी तथा फलफूल खेतीतर्फ आकर्षित हुँदै गएकाले चालु आर्थिक वर्षमा तरकारी तथा बागवानी एवम् फलफुल तथा मसला समूहहरुको उत्पादनमा वृद्धि हुने अनुमान गरिएको छ ।

(ख) चालु आर्थिक वर्ष २०७१/७२ को बजेटमा सरकारले सस्तो व्याजदरमा कृषि ऋण उपलब्ध गराउने घोषणा गरे पश्चात् व्यावसायिक कृषि उद्यमीहरु तथा युवाशक्ति यस क्षेत्रमा थप आकर्षित हुन जाने, पशुपंक्षी व्यवसायका नयाँ फार्महरु सञ्चालनमा आउने, सरकारीस्तरबाट यस्ता व्यवसाय सञ्चालनमा आकर्षण बढाउन तथा थप प्रोत्साहित गर्न कृषि तथा पशु बीमा कार्यक्रम मार्फत अनुदान समेत उपलब्ध गराउनुका साथै आवश्यक प्राविधिक सेवामा विस्तार गरेका कारण मासु, दूध लगायतका पशुजन्य उत्पादनमा वृद्धि हुने देखिन्छ । गत वर्ष देशका विभिन्न स्थानहरुमा देखिएको बर्डफ्ल्यू पूर्णरुपमा नियन्त्रणमा आइसकेको तथा व्यवसायीहरुको मनोवलमा समते सुधार आएकोले यस क्षेत्रमा पुनः लगानी विस्तार हुन गई कुखुराको मासु तथा अण्डाको उत्पादनमा वृद्धि हुने अनुमान गरिएको छ । त्यसैगरी, पश्चिम तराईका जिल्लाहरुमा आएको बाढीका कारण ती क्षेत्रको माछापालन व्यवसायमा केही नकरात्मक असर पर्ने देखिएता पनि मत्स्यपालन व्यवसाय विस्तार गर्न Mission Fish लगायतका प्रर्वद्धनात्मक कार्यक्रमहरु संचालनमा रहेको, बजार मागको विस्तार तथा आकर्षक मूल्य लगायतका कारण समग्रमा चालु आर्थिक वर्षमा माछाको उत्पादनमा सामान्य वृद्धि हुने देखिन्छ ।

# परिच्छेद २
# औद्योगिक क्षेत्र

## २.१ प्रमुख उद्योगहरूको क्षमता उपयोग तथा उत्पादन स्थिति

(क) समीक्षा वर्षमा सर्वेक्षणमा समेटिएका अध्ययन क्षेत्रका उद्योगहरुको औसत क्षमता उपयोग ५९.३ प्रतिशत रहेको छ । यस अवधिमा विजुलीको तार उद्योगले सबैभन्दा बढी अर्थात् ८८.७ प्रतिशत उत्पादन क्षमता उपयोग गरेको पाइन्छ भने वनस्पती घिउ उद्योगले सबैभन्दा कम अर्थात् २७.४ प्रतिशत क्षमता उपयोग गरेको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ६ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

(ख) समीक्षा वर्षमा अध्ययनले समेटेका उद्योगहरुमध्ये भटमासको तेल, वनस्पति घिउ, तोरीको तेल, प्रशोधित दुध, चामल, चिनी, चकलेट, चाउचाउ, गहुँको पिठो, प्रशोधित चिया, वियर, हल्का पेय पदार्थ, धागो, जुटका सामान, तयारी कपडा, प्रशोधित छाला, रोजिन, रंग, साबुन, प्लाष्टिकका सामान, ईट्टा, सिमेन्ट, फलामको छड तथा पत्ति, बिजुलीको तार र केबुल तथा जुत्ताको उत्पादनमा वृद्धि भएको छ भने पशुदाना, विस्कुट, मदिरा, चुरोट, सिन्थेटिक कपडा, पश्मिना, काठजन्य उत्पादन, कागज, अल्मुनियम, घरेलु धातुका सामान, एवम् टायर तथा ट्यूवको उत्पादनमा ह्रास आएको छ ।

(ग) समीक्षा वर्षमा वनस्पती घिउ तथा तेल, पेय पदार्थ र अन्य खाद्य पदार्थ समूहको उत्पादन क्रमशः १८.१ प्रतिशत, २२.७ प्रतिशत तथा २९.५ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, दुग्धजन्य पदार्थको उत्पादन ६.१ प्रतिशतले, जुटका सामान २.६ प्रतिशतले, रोजिन ३५.८ प्रतिशतले, सिमेन्ट ११.९ प्रतिशतले, फलामको छड तथा पत्ति ७.३ प्रतिशतले, विजुलीको तार र केबल ५४.५ प्रतिशतले, प्लाष्टिकजन्य वस्तु १.५ प्रतिशतले एवम् जुत्ताको उत्पादन २.१ प्रतिशतले वृद्धि भएको छ भने अन्न तथा पशुदाना समूहको उत्पादनमा ४.० प्रतिशतले, सुर्तिजन्य वस्तुको उत्पादनमा ०.४ प्रतिशतले, काठजन्य उत्पादनमा ०.८ प्रतिशतले, कागजको उत्पादनमा १.८ प्रतिशतले एवम् टायर तथा ट्यूवको उत्पादनमा २३.६ प्रतिशतले ह्रास आएको छ ।

(घ) क्षेत्रगत रुपमा विश्लेषण गर्दा काठमाण्डौ क्षेत्रमा मुख्यतः प्रशोधित दूध, पस्मिना, चाउचाउ, जुत्ता आदिको उत्पादन हुने गरेको छ । विराटनगर क्षेत्रमा वनस्पती घिउ तथा तेल, खाद्य पदार्थ, जुटका सामान, धातुका उपकरण, सिमेन्ट आदिको उत्पादन प्रमुख रहेको छ भने जनकपुर क्षेत्रमा चिनी, मदिरा, कागज, सिमेन्ट आदिको उत्पादन हुने गरेको छ । त्यसैगरी वीरगञ्ज क्षेत्रमा प्रशोधित दूध, पशुदाना, हल्का पेय पदार्थ, चुरोट, छाला, लत्ताकपडा, सिमेन्ट, प्रशोधित छाला, औषधी आदि; पोखरा क्षेत्रमा विस्कुट, चाउचाउ, रवरजन्य वस्तु आदि; सिद्धार्थनगर क्षेत्रमा गहुँको पिठो, पेय पदार्थ, औषधि, सिमेन्ट आदि; नेपालगञ्ज क्षेत्रमा तोरीको तेल, गहुँको पिठो, चामल आदि तथा धनगढी क्षेत्रमा गहुंको पिठो, रोजिन लगायतका वस्तुहरुको उत्पादन हुने गरेको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ७ (समग्र तथा क्षेत्रगत) मा दिइएको छ ।

## २.२ क्षेत्रगत औद्योगिक कर्जा स्थिति

(क) समीक्षा वर्षमा अध्ययनमा समावेश भएका क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २८.८ प्रतिशतले वृद्धि भई रु. ३ खर्ब ९५ अर्ब १० करोड पुगेको छ । गत आर्थिक वर्षमा

यस्तो कर्जा २२.६ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा प्रवाहित कुल कर्जा मध्ये औद्योगिक क्षेत्रमा गएको कर्जाको अंश ३५.७ प्रतिशत रहेको छ ।

(ख) समीक्षा वर्षमा उत्पादन सम्बन्धी उद्योगमा २२.७ प्रतिशतले, निर्माण क्षेत्रमा ३८.३ प्रतिशतले, विद्युत, ग्याँस तथा पानी शीर्षकमा ३८.९ प्रतिशतले, धातुका उत्पादन मेसिनरी तथा इलेक्ट्रोनिक शीर्षकमा २५.३ प्रतिशतले र पर्यटन उद्योग/सेवामा ३८.९ प्रतिशतले कर्जा वृद्धि भएको छ भने खानी सम्बन्धी शीर्षकमा प्रवाहित कर्जामा ६.८ प्रतिशतले ह्रास आएको छ ।

**चार्ट : ४ औद्योगिक कर्जा लगानी स्थिति (रु.करोडमा)**




(ग) यसरी प्रवाहित कुल औद्योगिक कर्जामध्ये उत्पादनमूलक क्षेत्रमा सबैभन्दा बढी अर्थात् ५२.८ प्रतिशत रहेको छ भने सबैभन्दा न्यून अर्थात् ०.८ प्रतिशत कर्जा खानी सम्बन्धी उद्योगमा प्रवाह भएको छ । त्यसैगरी, निर्माण सम्बन्धी उद्योगमा २८.७ प्रतिशत, पर्यटन उद्योगमा ७.९ प्रतिशत, विद्युत, ग्याँस तथा पानीमा ६.४ प्रतिशत एवम् धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक उद्योगमा ३.४ प्रतिशत कर्जा प्रवाह भएको छ ।

(घ) अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुको कुल औद्योगिक कर्जा लगानीमा काठमाण्डौ क्षेत्रको अंश ६३.६ प्रतिशत, विराटनगर क्षेत्रको अंश १०.६ प्रतिशत, वीरगञ्ज क्षेत्रको अंश ९.७ प्रतिशत, पोखरा क्षेत्रको अंश ५.५ प्रतिशत, सिद्धार्थनगर क्षेत्रको अंश ५.४ प्रतिशत, नेपालगञ्ज क्षेत्रको अंश २.३ प्रतिशत, धनगढी क्षेत्रको अंश १.५ प्रतिशत र जनकपुर क्षेत्रको अंश १.४ प्रतिशत रहेको छ । अधिकांश ठूला बैंक तथा वित्तीय संस्थाका केन्द्रीय कार्यालय काठमाण्डौ क्षेत्रमा रहनु र ठूलो कर्जा लगानी सम्बन्धी अधिकार प्रायः केन्द्रीय कार्यालयहरुमै रहनुले कुल कर्जामा काठमाण्डौ क्षेत्रको अंश उच्च देखिएको हो ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ८ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

## २.३ औद्योगिक उत्पादन परिदृश्य (Outlook)

(क) सर्वसाधारणको उपभोग प्रवृत्तिमा आएको परिवर्तनसँगै बजार मागमा आएको विस्तारका कारण चाउचाउ, चकलेट, वियर र हल्का पेय पदार्थ जस्ता वस्तुको उत्पादन बढ्ने देखिन्छ । अन्तर्राष्ट्रिय बजारमा अर्गानिक चियाको माग उच्च रहेको एवम् नेपाली चियाको गुणस्तर समेत राम्रो रहेकोले चियाको उत्पादनमा थप विस्तार हुन जाने देखिन्छ । चिनी उद्योगहरुले आफ्नो पकेट क्षेत्रमा उखुमा लाग्ने रोग सम्बन्धी जनचेतना फैलाउने, विशेषज्ञ सेवा प्रदान गर्ने तथा उत्पादकत्व उच्च भएका उखुका बिउ-बिजन किसानलाई वितरण गर्ने कार्यलाई निरन्तरता दिइरहेको एवम् चिनीको बजार माग समेत उच्च रहेको कारण चिनीको उत्पादनमा वृद्धि हुन जाने देखिन्छ । कृषकहरुलाई व्यावसायिक पशुपालन तर्फ आर्कषण गर्न सरकारी

स्तरबाट विभिन्न किसिमका प्रोत्साहनमूलक कार्यक्रम संचालनमा रहेका तथा दुग्धजन्य वस्तुहरु एवम् प्रशोधित दुग्ध पदार्थको उपभोगमा विस्तार हुँदै गएकोले दूध तथा दुग्धजन्य वस्तुहरुको उत्पादनमा समेत थप विस्तार हुनसक्ने देखिन्छ ।

(ख) आर्थिक वर्ष २०७१/७२ को निमित्त समयमै बजेट निकासा भएकोले पूर्वाधार निर्माणको काममा केही सुधार हुने तथा निजी क्षेत्रबाट संचालित निर्माण कार्यमा समेत वृद्धि हुने अनुमानका आधारमा ईट्टा, फलामको छड तथा पत्ती जस्ता निर्माण सामग्रीसँग सम्बन्धित वस्तुको उत्पादन वृद्धि हुन जाने देखिन्छ । त्यसैगरी, स्वदेशमा हाल सिमेण्टको उत्पादनको तुलनामा माग उच्च रहेको, सिमेन्ट उद्योगका लागि आवश्यक कच्चा पदार्थ देशमा प्रचुर मात्रामा रहेको तथा पूर्वाधार एवम् विकास निर्माण कार्यले गति लिइरहेको लगायतका कारण आगामी वर्षहरुमा सिमेन्टको उत्पादनमा थप वृद्धि हुनजाने देखिन्छ ।

(ग) पछिल्लो समयमा अन्तर्राष्ट्रिय बजारमा नेपाली गार्मेन्ट तथा तयारी पोशाकको मागमा भएको वृद्धि तथा गुणस्तरमा आएको सुधारका कारण ती वस्तुको उत्पादनमा वृद्धि हुन जाने देखिन्छ । त्यसैगरी, अन्तर्राष्ट्रिय बजारमा नेपाली पश्मिनाको माग घटेका कारण यसको उत्पादनमा थप ह्रास आउनसक्ने देखिन्छ ।

घ) औषधीजन्य वस्तु तथा अन्य रासायनिक पदार्थको आन्तरिक उपभोगमा वृद्धि तथा उत्पादित वस्तुहरुको गुणस्तर एवम् प्रतिस्पर्धात्मक क्षमतामा भईरहेको सुधारका कारण यी वस्तुहरुको उत्पादनमा समेत थप वृद्धि हुने सम्भावना देखिन्छ ।

# परिच्छेद ३
# सेवा क्षेत्र

## ३.१ पर्यटन उद्योग

(क) समीक्षा वर्षमा अध्ययनमा समेटिएका जिल्लाहरुमा पर्यटक स्तरीय होटलको संख्या १४.५ प्रतिशतले वृद्धि भई १ हजार ७ सय ९२ पुगेको छ भने होटल शैया संख्या १७.३ प्रतिशतले वृद्धि भई ३६ हजार ३ सय ७१ पुगेको छ । गत वर्षको सोही अवधिमा होटल संख्यामा ११.५ प्रतिशतले र शैया संख्यामा १७.३ प्रतिशतले वृद्धि भएको थियो ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ९ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

## ३.२ घर-जग्गा कारोबार

(क) समीक्षा वर्षमा समग्र घर-जग्गा रजिष्ट्रेशन संख्यामा ६.५ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष सो संख्यामा ४.७ प्रतिशतले वृद्धि भएको थियो । यस अवधिमा घर-जग्गा रजिष्ट्रेशन वापतको राजस्व संकलनमा १८.१ प्रतिशतले वृद्धि भई रु. ६ अर्ब ८७ करोड ८६ लाख कायम भएको छ । गत अवधिमा यस्तो राजस्व संकलनमा २३.५ प्रतिशतले वृद्धि भएको थियो । विप्रेषण आप्रवाहमा भएको वृद्धि, बैंकिङ्ग क्षेत्रमा रहेको अधिक तरलता तथा सर्वसाधारणको मनोवलमा आएको वृद्धि लगायतका कारण घर-जग्गा कारोबारमा क्रमिक सुधार हुँदै गएको हो । यसैगरी, घर-जग्गा कारोबारमा आएको सुधारसँगै समीक्षा अवधिमा घर/भवन नक्सा पास संख्यामा ६.० प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यस्तो संख्यामा ५.५ प्रतिशतले वृद्धि भएको थियो ।

(ख) समीक्षा वर्षमा घर-जग्गा रजिष्ट्रेशन संख्यालाई क्षेत्रगत रुपमा विश्लेषण गर्दा काठमाण्डौ क्षेत्रमा २१.० प्रतिशतले, विराटनगर क्षेत्रमा २.९ प्रतिशतले, जनकपुर क्षेत्रमा १.५ प्रतिशतले, वीरगञ्ज क्षेत्रमा ३.४ प्रतिशतले, पोखरा क्षेत्रमा २.८ प्रतिशतले, सिद्धार्थनगर क्षेत्रमा १०.३ प्रतिशतले र नेपालगञ्ज क्षेत्रमा ५.६ प्रतिशतले वृद्धि भएको छ भने धनगढी क्षेत्रमा ०.५ प्रतिशतले गिरावट आएको छ । त्यसैगरी, घर-जग्गा रजिष्ट्रेशन वापतको राजस्व संकलन धनगढी क्षेत्र बाहेक सबै क्षेत्रमा वृद्धि भएको छ जसमध्ये पोखरा क्षेत्रमा सबैभन्दा बढी अर्थात् ४३.१ प्रतिशतले र जनकपुर क्षेत्रमा सबैभन्दा कम अर्थात् १२.८ प्रतिशतले वृद्धि भएको छ । क्षेत्रगत रुपमा विश्लेषण गर्दा समीक्षा वर्षमा विराटनगर, जनकपुर, वीरगञ्ज तथा नेपालगञ्ज क्षेत्रमा घर/भवन नक्सा पास संख्यामा ह्रास आएको छ भने अन्य सबै क्षेत्रमा यस्तो संख्यामा वृद्धि भएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका १० (समग्र तथा क्षेत्रगत) मा दिइएको छ ।

## ३.३ वित्तीय सेवा

(क) अध्ययन क्षेत्रमा समेटिएका ४७ जिल्लामा वाणिज्य बैंकका १४१७, विकास बैंकका ७७१, वित्त कम्पनीका २३४ तथा लघुवित्त विकास बैंकका ७६५ गरी जम्मा ३१८७ वटा शाखाहरु सञ्चालनमा छन् । यसमध्ये काठमाण्डौ क्षेत्रमा सबैभन्दा बढी अर्थात् ९३३ वटा तथा धनगढी क्षेत्रमा सबैभन्दा कम अर्थात् १५६ वटा शाखाहरु सञ्चालनमा रहेका छन् ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ११ मा प्रस्तुत गरिएको छ ।

(ख) समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको कुल निक्षेप २०.३ प्रतिशतले वृद्धि भई रु. १४ खर्ब ४२ अर्ब २ करोड पुगेको छ । गत वर्ष यस्तो निक्षेप १७.९ प्रतिशतले वृद्धि भएको थियो । अध्ययन क्षेत्रभित्र बैंकिङ्ग सेवामा भएको विस्तार, रेमिट्यान्स आप्रवाहमा आएको वृद्धि एवम् वित्तीय पहुँच अभिवृद्धि लगायतका कारण निक्षेप सङ्कलनमा वृद्धि भएको हो ।




(ग) समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कर्जा १८.६ प्रतिशतले वृद्धि भई रु. ११ खर्ब ७ अर्ब ७७ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो कर्जा प्रवाह २१.९ प्रतिशतले वृद्धि भएको थियो । निक्षेप संकलनमा भएको वृद्धिसँगै बैंक तथा वित्तीय संस्थाहरुले कर्जा लगानीमा गरेको ब्याजदर कटौतीका कारण कर्जा प्रवाहमा वृद्धि भएको हो । बैंक तथा वित्तीय संस्थाको कर्जाको वृद्धिदर निक्षेपको वृद्धिदर भन्दा कम रहेको कारण गत अवधिमा ७७.९ प्रतिशत रहेको कर्जा/निक्षेप अनुपात समीक्षा अवधिमा ७६.८ प्रतिशत पुगेको छ ।

(घ) समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको कुल निक्षेपमा काठमाण्डौ क्षेत्रको अंश ६९.४ प्रतिशत रहेको छ भने उपत्यका बाहिरका क्षेत्रहरुमध्ये सबैभन्दा बढी अंश पोखरा क्षेत्रको ७.५ प्रतिशत तथा सबैभन्दा कम अंश धनगढी क्षेत्रको १.६ प्रतिशत रहेको छ । अध्ययन क्षेत्र अन्तर्गत तथ्यांङ्कमा समेटिएका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा काठमाण्डौ क्षेत्रको अंश ५८.० प्रतिशत रहेको छ भने उपत्यका बाहिरका क्षेत्रहरुमध्ये सबैभन्दा बढी अंश विराटनगर क्षेत्रको १०.६ प्रतिशत तथा सबैभन्दा कम धनगढी क्षेत्रको अंश २.३ प्रतिशत रहेको छ ।

निक्षेप तथा कर्जा सम्बन्धी विस्तृत विवरण तालिका १२ मा प्रस्तुत गरिएको छ ।

## ३.४ यातायात तथा संचार

(क) समीक्षा वर्षमा अध्ययन क्षेत्र अर्न्तगत रहेका अञ्चल यातायात कार्यालयहरुबाट प्राप्त तथ्याङ्कको आधारमा दर्ता भएका कुल सवारी साधन संख्यामा अघिल्लो वर्षको तुलनामा १२.५ प्रतिशतले वृद्धि भएको छ; जसमध्ये मोटरसाईकलको संख्या १४.० प्रतिशतले तथा अन्य सवारी साधनको संख्या ८.२ प्रतिशतले बढेको छ। समीक्षा वर्षमा अध्ययन क्षेत्र भित्र पर्ने जिल्लाहरुको कुल सडकको लम्बाई ८ हजार ६ सय ७७ किलोमिटर रहेको छ । जसमा पक्की सडकको लम्बाई ५ हजार ९ किलोमिटर रहेको छ भने कच्ची सडकको लम्बाई ३ हजार ६ सय ६८ किलोमिटर रहेको छ ।

यस सम्बन्धी विवरण तालिका १८ मा दिइएको छ ।

(ख) समीक्षा वर्षमा नेपाल टेलिकम, एन-सेल तथा अन्य कम्पनीहरुबाट वितरण गरिएको मोवाईल (सिडिएमए समेत) तथा ल्याण्ड-लाइन टेलिफोनको संख्यामा १५.१ प्रतिशतले वृद्धि भई २ करोड ४५ लाख ५६ हजार

५ सय ७२ पुगेको छ भने कुल वितरित ईन्टरनेट सेवा २७.० प्रतिशतले वृद्धि भई ८७ लाख ८२ हजार ९ सय ३६ पुगेको छ । २०६८ को राष्ट्रिय जनगणनालाई आधार मान्दा समीक्षा वर्षमा ९२.७ प्रतिशत नेपालीहरुमा टेलिफोनको पहुँच पुगेको देखिन्छ भने ईन्टरनेटको पहुँच ३३.२ प्रतिशत जनसंख्यामा रहेको छ ।

यस सम्बन्धी विवरण तालिका २२ मा दिइएको छ ।

## ३.५ शिक्षा तथा स्वास्थ्य

(क) अध्ययन क्षेत्रका जिल्ला शिक्षा कार्यालयहरुबाट प्राप्त शैक्षिक सत्र २०७० को तथ्याङ्क अनुसार सरकारी/सामुदायिक र संस्थागत (निजी) गरी कुल विद्यालय संख्या (उच्च मा. वि. सहित) २६ हजार ४ सय ८४ रहेका छन् । जसमध्ये १९ हजार ६ सय ४५ सामुदायिक र ६ हजार ८ सय ३९ निजी विद्यालय रहेका छन । सामुदायिक विद्यालयतर्फ कुल विद्यार्थी संख्यामा ६.८ प्रतिशतले ह्रास आई ४४ लाख ८४ हजार ३ सय १२ कायम भएको छ । अध्ययन क्षेत्रमा रहेका ३ सय २१ प्राविधिक शिक्षालयबाट कुल २३ हजार ५३ जनाले प्राविधिक शिक्षा प्राप्त गर्नसक्ने देखिन्छ ।

यस सम्बन्धी विस्तृत तथ्याङ्क तालिका १९ मा पेश गरिएको छ ।

(ख) समीक्षा वर्षमा अध्ययन क्षेत्रमा सरकारी तथा निजी गरी कुल ४ सय ६८ अस्पताल रहेका छन् जसमा १ सय २० वटा अस्पताल सरकारी क्षेत्रबाट एवम् ३ सय ४८ वटा निजी क्षेत्रबाट संचालित छन् । जसमा सरकारी क्षेत्रबाट संचालित अस्पतालहरुमा १ हजार ३ सय ६४ चिकित्सकहरुले सेवा प्रदान गरिरहेका छन् ।

यस सम्बन्धी विवरण तालिका २० मा दिइएको छ ।

## ३.६ सेवा क्षेत्रको परिदृश्य (Outlook)

(क) पर्यटकीय होटल तथा रेष्टुरन्टको संख्यामा भएको विस्तार, सेवा तथा सुविधाको गुणस्तरमा भएको वृद्धि, विगत वर्षहरुको तुलनामा देशमा शान्ति सुव्यवस्थामा भएको सुधार लगायतका कारण आर्थिक वर्ष २०७१/७२ मा पर्यटन आगमन संख्यामा केही सुधार हुने देखिन्छ ।

(ख) विगत केही समयदेखि बैकिङ्ग क्षेत्रमा अधिक तरलताको अवस्था विद्यमान रहेको र सोको फलस्वरुप ब्याजदरमा समेत गिरावट आएका कारण घर-जग्गा कारोबारमा थप सुधार हुने देखिएकोले चालु आर्थिक वर्षमा घर-जग्गा राजस्व, रजिष्ट्रेशन एवम् नक्सा पास संख्यामा थप वृद्धि हुने देखिन्छ ।

(ग) वित्तीय पहुँच नपुगेका दुर्गम तथा पहाडी क्षेत्रहरुमा बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति बढाउँदै लैजान अवलम्बन गरिएको नीतिको परिणम स्वरुप हालका वर्षहरुमा ती क्षेत्रहरुमा बैंक तथा वित्तीय संस्थाका शाखा विस्तार हुँदै जानु तथा नेपाल राष्ट्र बैंकले सञ्चालन गरेको वित्तीय साक्षरता अभियान समेतका कारण सर्वसाधारणहरुको वित्तीय पहुँचमा थप अभिवृद्धि हुने देखिन्छ । साथै, कृषि तथा उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाह विस्तार गर्न गरिएको नीतिगत व्यवस्था एवम् हाल बैकिङ्ग क्षेत्रमा रहेको पर्याप्त तरलताका कारण यी क्षेत्रहरुमा हुने कर्जा प्रवाहमा थप वृद्धि हुने देखिन्छ ।

(घ) चालु आर्थिक वर्षमा समयमै बजेट घोषणा भई निकासा समेत भएकोले शिक्षा, स्वास्थ्य तथा पूर्वाधार लगायतका क्षेत्रहरुको विकासमा थप सुधार हुने देखिन्छ । साथै, सूचना तथा सञ्चारको क्षेत्रमा भइरहेको तीब्र प्रतिस्पर्धा तथा लगानीमा भएको विस्तारका कारण सेवाको गुणस्तर अभिवृद्धि हुनका साथै यस्तो सेवा ग्रामीण क्षेत्रमा पनि थप विस्तार हुँदै जाने देखिन्छ ।

## परिच्छेद ४

# प्रमुख चुनौतीहरू

## ४.१ कृषि क्षेत्र

- कृषि क्षेत्रमा अझैपनि खेती गरिएको क्षेत्रफलको आधा भन्दा कम क्षेत्रमा मात्र सिँचाई सुविधा उपलब्ध रही मौसमी निर्भरता कायमै रहेको छ । निर्माणाधीन ठूला तथा बहुउद्देश्यीय परियोजनाहरु पनि समयमा नै सम्पन्न हुन नसकेकोले कृषि क्षेत्रको उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

- जलवायु परिवर्तन, भौगोलिक विविधता तथा वातावरणीय प्रभाव समेतलाई ध्यान दिई उन्नत जातका बिउ-बिजनको विकास गर्ने, माटोको नियमित परीक्षण गरी त्यसको गुणस्तरमा सुधार ल्याउने, गुणस्तरीय रासायनिक मलको आपूर्ति एवम् त्यसको समुचित प्रयोग गर्ने, कृषि औजारहरु सर्वसुलभ रुपमा उपलब्ध गराउने, रोगव्याधी एवम् अन्य कारणबाट उत्पादनमा पर्नसक्ने चक्रिय प्रभावलाई न्यूनिकरण गर्ने, कृषि प्रसार सेवा तथा वित्तीय पहुँच विस्तार गर्ने एवम् लगानीको सुनिश्चितता प्रदान गर्ने जस्ता चुनौतीहरु कृषि क्षेत्रमा विद्यमान रहेका छन् ।

- कृषि उपजहरुको बजारीकरण, आधुनिक गोदाम घरको व्यवस्था लगायतका पूर्वाधारको अभावमा कृषकहरु आफ्नो उपजको बिक्री वितरण गर्न बिचौलियाहरुको भर पर्नुपर्ने अवस्था रहेको छ । प्रमुख कृषि उपजहरुको न्यूनतम बजार मूल्य निर्धारण गर्ने व्यवस्था प्रभावकारी हुन नसकेकोले एकातिर कृषकहरुले आफ्नो उत्पादनको उचित मूल्य पाउन नसक्ने र अर्कोतिर उपभोक्ताहरुले चर्को मूल्य तिर्नु पर्ने अवस्था विद्यमान रहेको छ ।

- परम्परागत खेती प्रणालीलाई सुधार गरी कृषि क्षेत्रको व्यवसायिकरण तथा जोखिम न्यूनिकरण गर्न अघि सारिएको बाली तथा पशुपंछी बीमा कार्यक्रमको कार्यान्वयन प्रकृयालाई थप सहज र सरल बनाई प्रभावकारी रुपमा लागू गर्नु आवश्यक छ । साथै, उन्नत पशुपालन सम्बन्धी तालिम प्रदान गर्ने तथा आधुनिक पशु प्रजनन केन्द्र विस्तार गर्ने कार्यहरु प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने देखिन्छ ।

- भारतीय कृषि उपजहरुसँग नेपाली उत्पादनले प्रतिस्पर्धा गर्न नसकिरहेको वर्तमान अवस्थामा कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बढाउने तथा युवा जनशक्तिलाई यस क्षेत्रमा आकर्षित गर्ने उद्देश्यले चालु आर्थिक वर्षदेखि सरकारले अगाडि सारेको विभिन्न सहुलियत तथा ब्याज अनुदान कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु आवश्यक छ ।

## ४.२ उद्योग क्षेत्र

- उद्योग क्षेत्रमा उर्जा संकट प्रमुख चुनौतीको रुपमा रहेको वर्तमान परिप्रेक्ष्मा विद्युत उत्पादनका लागि लगानीमैत्री वातावरण सृजना गर्दै स्वदेशी तथा वैदेशिक लगानी आकर्षित गर्ने, उद्योग क्षेत्रमा विद्युतको सहज आपूर्तिको लागि अल्पकालीन, मध्यकालीन एवम् दीर्घकालीन रणनीति बनाई कार्यान्वयन गर्नु आवश्यक छ ।

- उद्योगहरुलाई पूर्वाधारमैत्री बनाउन विशेष आर्थिक क्षेत्रको स्थापना गरी यसको उपयोगमा जोड दिने, निर्यातजन्य उद्योगहरुलाई प्रोत्साहन गर्न निर्यात प्रवर्द्धन गृहको स्थापना गर्ने जस्ता कार्य प्रभावकारी रुपमा अघि बढाउनु पर्ने देखिन्छ ।

- ढुवानी क्षेत्रमा विद्यमान रहेको सिण्डिकेट प्रणाली अन्त्य गर्ने, युवा जनशक्ति वैदेशिक रोजगारमा जाने क्रमले सृजित दक्ष श्रमीकको अभावलाई न्यूनिकरण गर्न आवश्यक शीप तथा तालिम उपलब्ध गराई स्वदेशमै

रोजगारीका अवसरहरु सृजना गर्ने, औद्योगिक उत्पादन अभिवृद्धि गर्न नयाँ प्रविधिहरुको प्रयोगमा जोड दिई प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने जस्ता कार्य गर्नु आवश्यक छ।

- स्वदेशी तथा विदेशी लगानी आर्कषित गर्न नीतिगत व्यवस्थामा रहेका कमीकमजोरीहरुलाई सुधार गर्न हाल कार्यान्वयनमा रहेका नीतिहरुलाई समय सापेक्ष सुधार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, उद्योगमैत्री वातावरणको सृजना गरी लगानीको सुनिश्चितता प्रदान गर्नुपर्ने देखिन्छ।

## ४.३ सेवा क्षेत्र

- पर्यटन क्षेत्रमा प्राकृतिक, साँस्कृतिक एवम् धार्मिक पर्यटनका दृष्टिले पर्याप्त सम्भावना बोकेका पर्यटकीय क्षेत्रहरुमा यातायात तथा सञ्चार सुविधाको विस्तार, स्तरीय होटल तथा रेष्टुरेण्टको स्थापना, विद्युत तथा बैकिङ्ग सुविधाको विकास, मौसम सम्बन्धी जानकारी समेत उपलव्ध गराउन सक्ने पर्यटन सूचना केन्द्रको स्थापना लगायतका पूर्वाधारहरुको विकास तथा विस्तार गरी अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसारको माध्यमबाट पर्यटक आगमन संख्या तथा औसत खर्च बढाउने एवम् बसाई अवधि लम्ब्याउने जस्ता चुनौतीहरु विद्यमान रहेका छन्।
- पर्यटन क्षेत्रलाई रोजगारी सृजना तथा वैदेशिक मुद्रा आर्जनको भरपर्दो स्रोतको रुपमा विकास गर्न ऐतिहासिक पर्यटकीय स्थलहरुको संरक्षण तथा सम्बर्द्धन गर्ने तथा आधारभूत भौतिक तथा संस्थागत संरचनाहरुको व्यवस्था गर्न निजी क्षेत्रलाई आकर्षित गरी सरकारी-निजी सहकार्यमा प्रवर्द्धनात्मक नीति तथा कार्यक्रमहरु सञ्चालन गर्नु आवश्यक छ।
- वित्तीय साक्षरता अभियानलाई गाउँ-गाउँसम्म पुऱ्याई वित्तीय सेवाको पहुँच दुर्गम ग्रामीण ईलाकासम्म विस्तार गरी साना बचतकर्ताहरुमा बैंकिङ्ग बानीको विकास गर्ने, कृषि, घरेलु तथा साना उद्योग लगायत उत्पादनशील क्षेत्रमा कर्जा विस्तार गर्न स्थानीय स्तरमा संकलित वित्तीय स्रोतको उपयोग स्थानीय स्तरमा नै गराउन बैंक तथा वित्तीय संस्थाहरुलाई उत्प्रेरित गर्नु पर्दछ।

## ४.४ पूर्वाधार क्षेत्र

- राष्ट्रिय महत्वका ठूला परियोजनाहरु निर्धारित समयमा सम्पन्न हुन नसकिरहेको वर्तमान अवस्थामा यस्ता परियोजनाहरु उद्देश्यानुसार समयमा सम्पन्न गर्न विद्यमान बहुवर्षीय बजेट तथा ठेक्का प्रणालीलाई थप प्रभावकारी बनाउने, देशका सबै जिल्ला सदरमुकाम तथा दुर्गम क्षेत्रसम्म सडक, विद्युत र सञ्चार जस्ता पूर्वाधारहरु पुऱ्याउने, पूर्वाधार क्षेत्रमा निजी क्षेत्रलाई आकर्षित गर्ने, पूर्वाधार निर्माणसँग सम्बन्धित निकायहरुवीच समन्वय कायम गर्ने, पूर्वाधार निर्माण कार्यमा पारदर्शिता, प्रभावकारिता र गुणस्तरीयता कायम गर्ने कार्यहरु चुनौतीपूर्ण रहेका छन्।
- ग्रामीण क्षेत्रमा अधिकाँश कच्चि सडकहरु पर्याप्त अध्ययन र विश्लेषण विना नै विस्तार गरिएकाले त्यसबाट वातावरणमा पर्न गएको नकारात्मक प्रभाव एवम् जोखिम तथा रुट परमीट बिना नै ग्रामीण कच्ची सडकमा यातायात सञ्चालन गरिँदा बढ्दै गएको दुर्घटनालाई नियन्त्रण गर्ने कार्य चुनौतीपूर्ण रहेको हुँदा गुणस्तरीय सडक पूर्वाधारको विकास र विस्तार गर्ने तर्फ प्रभावकारी कदम चाल्नुपर्ने देखिन्छ।
- निजी क्षेत्रबाट संचालित विद्यालयहरुबाट प्रदान गरिदै आएको शैक्षिक गुणस्तरको तुलनामा सरकारी तथा सामुदायिक विद्यालयले प्रदान गर्ने गुणस्तर न्यून रहेकोले नीजि विद्यालयमा आर्कषण बढ्न गई सामुदायिक विद्यालयहरु बन्द हुँदै गएकोले सामुदायिक विद्यालयमा उपलब्ध पूर्वाधार एवम् जनशक्तिको अधिकतम उपयोग गरी शिक्षाको गुणस्तर अभिवृद्धि गर्नु आवश्यक छ।

***